# जिल्ला समन्वय समितिको कार्यालय
## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

**कोशी प्रदेश, नेपाल**

प.सं : २०८१/८२
च.नं. : ८२८

मिति :२०८२/०१/१४

**विषय : २०८१ माघ, फागुन र चैत्र महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।**

श्री राष्ट्रिय सूचना आयोग
नयाँवानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८१ माघ, फागुन र चैत्र महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरी यसै पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

(विवेक काफ्ले)
नि. जिल्ला समन्वय अधिकारी
नि. जिल्ला समन्वय अधिकारी

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ साल माघ, फागुन र चैत्र महिनामा सम्पादित क्रियाकलाप विवरण

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

२०८२।१।१४

(सूचना अधिकारी)

## जिल्ला समन्वय समितिको परिचय

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए वमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ ।

### १. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

### २. जिल्ला सभाको काम कर्तव्य र अधिकार

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

### ३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तब्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तब्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको ।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरु:-**

- नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

-ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरु:-

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख) अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

-ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गत जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १


जिल्ला समन्वय समिति सदस्य - ७

जम्मा - ९ जना

६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरण:

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | ० | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | १ | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | १ | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | २ | २ | करार |
| जम्मा | | | | | १२ | १० | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी (सर्वोच्च अदालतबाट मुद्दा फैसला भइ पदपूर्तिको प्रकृयामा रहेको) |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | १ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:



## ८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ख) जिल्ला सभा ऐन, २०७५
ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ ।

## ९. मुख्य मुख्य क्रियाकलाप विवरण:

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम स्थानीय तहको संस्थागत स्व:मूल्याङ्कन (LISA) पृष्ठपोषणको कार्य, वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को कार्य अन्तर्गत मिति २०८१ पौष मसान्तभित्रमा धनकुटा नगरपालिका, पाख्रीवास नगरपालिका र चौविसे गाउँपालिकाको पृष्ठपोषण कार्य सम्पन्न गरिएकोमा मिति २०८१ माघ मसान्तसम्ममा महालक्ष्मी नगरपालिका, साँगुरीगढी गाउँपालिका, सहिदभूमि गाउँपालिका र छथर जोरपाटी गाउँपालिकाको स्थानीय तहको संस्थागत स्व:मूल्याङ्कन (LISA) को पृष्ठपोषण कार्य सम्पन्न गरिएको छ भने वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को कार्य अन्तर्गत मिति २०८१ पौष मसान्तसम्ममा धनकुटा नगरपालिका र पाख्रीवास नगरपालिकाको अन्तिम नतिजा तयार गर्ने कार्य सम्पन्न गरिएकोमा मिति २०८१ माघ मसान्तसम्ममा महालक्ष्मी नगरपालिका, चौविसे गाउँपालिका र सहिदभूमि गाउँपालिकाको अन्तिम नतिजा सार्वजनिक गरिएको छ । साँगुरीगढी गाउँपालिका र छथर जोरपाटी गाउँपालिकाको मिति २०८१ माघ मसान्तसम्ममा FRA को प्रारम्भिक नतिजा तयार गरिएको भएतापनि उक्त दुई गाउँपालिकाहरुले अन्तिम नतिजाका लागि यस कार्यालयमा Forward नगरेको ।

ख) जिल्ला समन्वय समितिको आयोजनामा यस जिल्लाका सातवटै स्थानीय तह, जिल्लास्थित संघ तथा प्रदेश सरकार मातहतका विकास निर्माणसँग सम्बन्धित सरकारी कार्यालयहरु र संघ संस्थाहरु समेतले चालु आ.व. २०८१/८२ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत भइ कार्यान्वयनका लागि प्राप्त बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था तथा प्रगतिका सम्बन्धमा एवम् कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या समाधान गर्नुका साथै कार्यान्वयनका लागि जिल्लास्थित सरकारी कार्यालय र स्थानीय तहबीच आवश्यक समन्वय सहजीकरण गर्ने प्रयोजनार्थ मिति २०८१ साल फागुन २१ गतेका दिन **अर्धवार्षिक समीक्षा तथा अन्तरक्रियात्मक छलफल कार्यक्रम**को आयोजना गरिएको । साथै आ.व. २०८१/८२ को अर्धवार्षिक अवधिमा भएको प्रगतिको प्रतिवेदन तयार गरी नेपाल सरकार, कोशी प्रदेश सरकार तथा सातवटै स्थानीय तहमा पेश गरिएको ।

ग) ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(१) बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्नका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्त्वमा, सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख, जिल्लास्थित सशष्त्र प्रहरी वलको प्रमुख, डिभिजनल वन अधिकृत, करदाता सेवा कार्यालय प्रमुख र इन्जिनियर सदस्य रहने र जिल्ला समन्वय अधिकारी सदस्य सचिव रहने गरी गठित **नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति**, धनकुटाद्वारा मिति २०८१/११/१८ गतेका दिन यस जिल्लाको साँगुरीगढी गाउँपालिकास्थित लेउती खोलाबाट उत्खनन् भइरहेको ढुङ्गा, गिट्टी तथा वालुवाको स्थलगत अनुगमन गर्नुका साथै सोही दिन यसै जिल्लाको सहिदभूमि गाउँपालिका वडा नं. ७ बाट श्री दन्तकाली कोइरिज, विराटनगरद्वारा उत्खनन् भइरहेको चुनढुङ्गाको समेत स्थलगत अनुगमन गरिएको छ । स्थलगत अनुगमन पश्चात दुवै स्थानको स्थलगत अनुगमनको छुट्टा छुट्टै प्रतिवेदन तयार गरी अनुगमनबाट देखिएका सुधार गर्नुपर्ने कुराहरु प्रतिवेदनमा उल्लेख गरी सुधार गर्न/कार्यान्वयन गर्नका लागि सम्बन्धित गाउँपालिका तथा ठेकेदार कम्पनीलाई लेखी पठाइएको साथै जिल्ला प्रहरी कार्यालय तथा सशष्त्र प्रहरी वलको जिल्लास्थित गुल्मलाई सुझाव कार्यान्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमनका लागि समेत लेखी पठाइएको छ ।

घ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा) सिंहदरवार, काठमाण्डौंको आयोजनामा तथा यस जिल्ला समन्वय समितिको समन्वयमा मिति २०८१/१०/०६ गतेका दिन नेपाल सरकारले दिगो विकासको लक्ष्यहरु हासिल गर्नको लागि तय गरेको राष्ट्रिय गुरुयोजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम वि.सं. २०७९ सम्ममा निकृष्ट प्रकारका बालश्रम र वि.सं. २०८२ सम्ममा सवै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य रहेकोमा उक्त लक्ष्य हासिल गर्नका लागि मन्त्रालयबाट बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम समेत अगाडी बढाइरहेको सन्दर्भमा स्थानीय तहका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु र सरोकारवालाहरुसँग एक दिने अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरिएको ।

ङ) जिल्ला समन्वय समितिको समन्वयमा मिति २०८१ साल माघ २ गतेका दिन 'भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ' भन्ने नाराका साथ यस धनकुटा जिल्लामा २७ औं भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाइयो ।

च) जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा समन्वयका कार्यहरु नियमित रुपमा भइरहेको ।

**१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:**

आ.व. २०८१/८२ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८१ चैत्र मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १,०१,११,०००।०० | ७८,६७,२२०।५६ |
| २ | नीजि सचिवालय करार कर्मचारी | ४,४८,०००।०० | ३,५७,३००।०० |
| ३ | पानी तथा विजुली, सञ्चार महशुल लगायत अन्य अनिवार्य दायित्त्व खर्च | ३१,०४,०००।०० | १६,२९,९०२।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ३,८८,०००।०० | ३,८७,६१०।०० |
| ५ | अनुगमन तथा भ्रमण खर्च | ८,७३,०००।०० | ५,६२,२२५।०० |
| जम्मा | | १,४९,२४,०००।०० | १,०७,१६,२५७।५६ |

**११. अन्य आन्तरिक आम्दानी विवरण: ००।-**